E-mail: lbo.nepalgunj@gmail.com
Website: nlbonepalgunj.gov.np
फोन नं. ९८५८०२५७५४/९८५८०२८७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
# राष्ट्रिय पशु प्रजनन कार्यालय
नेपालगञ्ज, गौघाट, बाँके

## काठ दाउरा बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

### प्रथम पटक प्रकाशित मितिः २०८१।१२।०५

प्रस्तुत बिषयमा यस राष्ट्रिय पशु प्रजनन कार्यालय गौघाट, बाँकेमा जोखिमपूर्ण अवस्थामा रहेका रुखहरु कटान गर्नको लागि डिभिजन वन कार्यालय बाँकेको च.नं. १२३१ मिति २०८१/०८/०६ को प्राप्त कटान ईजाजत र कार्यालयको मिति २०८१/०९/१६ को निर्णय वमोजिम विभिन्न जातका १३३ ओटा कटान भएका रुखको कटान मुछान तथा काठ दाउरा घाटगद्दी भई सो घाटगद्दी गरिएको २११४.३६ घन फिट गोलिया काठ र ७.७५ चट्टा दाउरालाई विक्री गर्नका लागि आफ्नै खर्चमा उठाई लैजाने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले गोलिया काठ दाउरा लिलाम बिक्रीमा भाग लिन इच्छुक डिभिजन वन कार्यालय बाँकेमा सूचिकृत भएका सःमिल, काठ उद्योग वा कम्पनीले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको कार्यालय समय भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । सूचना कार्यालयको सूचनापाटी ,वेभपेज र हाम्रो समाचार दैनिक नेपालगंज, बाँकेको पत्रिकामा प्रकाशन गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

तपसिल

| क. | काठ गोलिया बिक्री | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | रुखको जात | ग्रेड | गोलिया थान | आयतन घ.फि. जम्मा | काठ ब्रिक्री दर | जम्मा रकम रु | काठ गोलिया र दाउरा कटान मुछान खर्च | कैफियत |
| १ | मसला | | ३३४ | १३०९.९८ | १७५ | २२९२४६.५ | २२२५३२.४४ | |
| २ | सिसौ | A | २४ | १८०.९२ | ७०० | १२६६४४.० | | |
| ३ | सिसौ | B | ७३ | २००.६९ | ५०० | १००३४५.० | | |
| ४ | सागवान | | १६ | ४८.२९ | ८०० | ३८६३२.० | | |
| ५ | सिमल | | ४५ | २३९.९९ | १५० | ३५९९८.५ | | |
| ६ | वर्रो | | १७ | ७०.७६ | २०० | १४१५२.० | | |
| ७ | निम | | ८ | २२.७५ | १०० | २२७५.० | | |
| ८ | वडहर | | ३ | १०.८३ | १०० | १०८३.० | | |
| ९ | ववुर | | ५ | ३०.१५ | १०० | ३०१५.० | | |
| १० | जम्मा | | ५२५ | २११४.३६ | .. | ५५१३९१.० | | |
| ख. | दाउरा विक्री (चट्टाको साइज २०*५*५ फिट) | | | | | | | |
| १ | मसला | | | ५.२५ | ४००० | २१०००.० | ६५८७५.०० | |
| २ | सिसौ | | | २.०० | १२००० | २४०००.० | | |
| ५ | सिमल | | | ०.५० | ४००० | २०००.० | | |
| | जम्मा | | | ७.७५ | | ४७०००.०० | | |
| | जम्मा (क+ख) | | | | | ५९८३९१.० | २८८४०७.४४ | |

डा. खिमानन्द खनाल
वरिष्ठ पशु विकास अधिकृत

E-mail: lbo.nepalgunj@gmail.com

Website: nlbonepalgunj.gov.np

फोन नं. ९८५८०२५७५४/९८५८०२८७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
राष्ट्रिय पशु प्रजनन कार्यालय
नेपालगञ्ज, गौघाट, बाँके

## शर्त तथा नियमहरु

१. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति २०८१।१२।२५ गते कार्यालय समय सम्म ।

२. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति २०८१।१२।२६ गते दिउँसो १२:०० वजे सम्म ।

३. बोलपत्र फारम रु १०००( एक हजार ) पछि फिर्ता नहुने गरी यस कार्यालयको कोड नं. ३१२०२५७०२ को राजस्व शिर्षक नं १४२२९ ( अन्य प्रशासनिक सेवा शुल्क) मा जम्मा गरि खरिद गर्नुपर्ने छ ।

४. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशत रा.वा. वैक नेपालगंज शाखामा रहेको को.ले.नि.का. धरौटी कोष खाता नं. ४१३०१००१०२०३००००० मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्ने छ ।

५. लिलाम हुने वन पैदावार कार्यालय खुलेको समयमा यस कार्यालयको घाटगद्दीमा गई हेर्न सकिने छ ।

६. काठ दाउरा लिलाममा भाग लिन इच्छुक डिभिजन वन कार्यालयमा सूचिकृत भएका काठ दाउरामा आधारित उद्योग संचालन गर्न इजाजत प्राप्त गरी संचालनमा रहेका स:मिल , काठ उद्योग वा कम्पनीले उद्योग दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कारोवार अनुमति भएको फर्मको प्रतिलिपी साथ सिलवन्दी बोलपत्र पेश गर्नुपर्ने छ ।

७. निर्धारित न्यूनतम संख्या र रीतपूर्वक दाखिला हुन आएका बोलपत्रहरु मिति २०८१/१२/२६ गते दिउँसो २:०० बजे वडा प्रतिनिधि, बन प्रतिनिधि, सुरक्षा निकायका प्रतिनिधि र बोलपत्र पेश गर्ने प्रतिनिधिहरुको रोहोवरमा खोलिने छ साथै बोलपत्र पेश गर्ने प्रतिनिधिहरु अनुपस्थित भएमा पनि बोलपत्र खोलिने छ ।

८. बोलपत्र खरिद दाखिला वा खोल्ने दिन विदा परेमा क्रमश कार्यालय खुलेको पहिलो दिनमा गरिने छ ।

९. लिलाम बिक्री सदर भएको जानकारी प्राप्त भएको मितिले वा कार्यालयको सुचना पाटिमा टाँस गरेको मितिले १० दिन भित्र सकार रकम मूल्य अभिवृद्धि कर तथा काठ दाउरा कटान मुछान र घाटगद्दी खर्च नियम अनुसार छुट्टाछुट्टै वुझाई लिलाम चढेका वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानुपर्ने छ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्ने छ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. बोलपत्र सदर वा वदर गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

डा. खिमानन्द खनाल
वरिष्ठ पशु विकास अधिकृत